# गाउँसभाको पन्ध्रौं अधिवेशनमा गाउँपालिका कार्यबाहक अध्यक्ष श्री भक्त बहादुर दर्लामी मगरद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम

# बागमती गाउँपालिका

२०८१ असार १० गते

बागमती गाउँपालिकाका आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,

१. बागमती गाउँपालिकाको कार्यबाहक अध्यक्षको हैसियतले सम्मानित गाउँसभाको पन्धौं अधिवेशनमा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा म सर्वप्रथम नेपालमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि विभिन्न आन्दोलनहरुमा शाहदत् प्राप्त गर्नु हुने ज्ञान अज्ञात शहिदहरुप्रति उच्च सम्मान तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्रियता, लोकतन्त्र तथा गणतन्त्र प्राप्तिका लागि अतुलनीय योगदान पुर्याउनु हुने अग्रणी व्यक्तित्वहरुलाई आजको दिनमा उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

३. नेपालमा संघीय राज्य व्यवस्था भएसँगै स्थापित तीन तहको सरकार मध्यको एक बागमती गाउँपालिका संघीय शासन प्रणालीको भावना अनुसार आफ्नो क्षेत्राधिकार भित्रका जनताको सेवामा सदैव समर्पित रहने विश्वास दिलाउन चाहन्छु ।

४. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी, भ्रष्टचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाजलाई आदर्श मानी बागमती गाउँपालिकाले आफुलाई सधैं देखिने साथै सधैं भेटिने सरकारको रुपमा आफ्ना गाउँबासीहरुलाई आभास गराउनु हाम्रो साझा अभिभारा रहेको छ ।

५. सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार प्राप्ति, सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना र स्रोतसाधनको समन्यायिक वितरण, जनआकांक्षा अनुसारको विकास निर्माण, सुशासन, शान्ति, समुन्नति र सम्मानका लागि समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त मार्फत गाउँपालिकाले तय गरेको ***कृषि पर्यटन र पूर्वाधार :समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार*** को सोचलाई आत्मसातगरी अहोरात्र कार्यसम्पादन गर्दै आएका छौं ।

६. गाउँपालिकाले आफ्नै प्रशासनिक भवन मार्फत सम्पूर्ण सेवाहरु एकीकृत रुपमा प्रदान गर्न सुरु गरिसकेको छ। प्रशासनिक सेवालाई चुस्त बनाउन दरबन्दिमा अपुग जनशक्ति प्रदेश लोक सेवामा माग गरिसकेको छ । सरोकारवालाहरुसँगको समन्वय एवम् सहकार्यमा गाउँपालिकालाई अत्यावश्यक ऐन कानूनहरु तर्जुमा गरी कार्यान्वयन भएसँगै दैनिक प्रशासनिक काम कारबाहीमा प्रभावकारिता तथा थप स्पष्टता भएको छ ।

७. विश्वमानै रहेको आर्थिक मन्दिका कारण विगतका वर्षहरुमा संघीय सरकारबाट प्रक्षेपित राजस्व बाँडफाँडबाट प्राप्त हुनु पर्ने रकम मात्र अपुग हुने गरेकोमा चालू आ.व.मा वित्तीय समानीकरण अनुदान रकममा नै २४.८९ प्रतिशत अनुदान रकम कटौती हुँदा चालू आ.व.का केही दायित्वहरु आगामी आ.व. ०८१/०८२ मा सर्न पुगेको छ ।

८. कठिन र जोखिमयुक्त भौगोलिक भू-बनावट, दीगो आन्तरिक स्रोतको अभाव, सदरमुकाम केन्द्रित बसाई सराई, दक्ष जनशक्तिको अभाव जस्ता समस्याका बाबजुद पनि आगामी दिनहरुमा गाउँपालिका हुँदै संघीय राजधानी र प्रदेश राजधानी जोड्ने छोटो दुरीको कान्ती लोकपथ स्तरोन्नती सँगै सडकमा यात्रुहरुको उल्लेख्य बृद्धी हुनु, आय आर्जनमा टेवा पुग्दै जानु, गाउँपालिकामा निजी क्षेत्र र गै.स.सं.हरुको सहभागीता बड्नु, व्यापार व्यवसायका लागि पर्यटन क्षेत्र संभावनाका रुपमा देखिनु आन्तरिक आयस्रोतको पहिचान, प्रवर्धन र बिस्तारको कार्यले गाउँपालिकामा विद्यमान अवसरहरुको उजागर भएको छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

९. नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सोह्रौं आवधिक योजना(२०८१/०८२-२०८५/८६), गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना (२०८१/०८२-२०८३/०८४), आ.व. ०८१/०८२ को संघीय सरकार र बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्य, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, संघीय तथा प्रदेश सरकार एवम् गाउँपालिकाबाट जारी भएका नीति, कानून तथा मापदण्डहरु लगायत यस गाउँपालिकामा उपलब्ध स्रोत साधन र गाउँपालिकाको विगत गाउँसभाबाट पारित नीति तथा कार्यक्रमहरुलाई आधार मानि गाउँ कार्यपालिकाबाट सर्वसम्मतीले स्वीकृत गराई आगामी आ.व. ०८१/०८२ को नीति तथा कार्यक्रम पेश गरिएको छ ।

१०. बागमती गाउँपालिकाले चालू आ.व. २०८०/८१ का लागि विनियोजित कूल बजेट रु ४८ ,८०,२६,०० लाई कार्यान्वयन गर्ने क्रममा हालसम्म ८९.९% भौतिक प्रगति प्राप्त भएको छ । कूल खर्च मध्येको चालू खर्च ७५.६९% र पूँजिगत खर्च ४२.८८ % भइसकेको छ भने असार मसान्त भित्र भौतिक प्रगति ९८%, चालू खर्च ७८.६९ % र पूँजिगत खर्च ६०.७८% हुने विश्वास गरिएको छ ।

११. गाउँपालिकाको प्रशासनिक भवन र गाउँपालिका स्तरिय थाङ्सिङटार अस्पताल सञ्चालनमा आइसकेका छन् । गाउँपालिका स्तरीय पर्यटकीय राडार क्षेत्र सम्पन्न हुने क्रममा रहेको छ । गाउँपालिका स्तरीय रङ्गशालाका कामहरु भइरहेका छन् । JICA को सहयोगमा भवन निर्माण मापदण्ड तथा भवन निर्माण संहिता सम्बन्धी पाइलट परियोजना सञ्चालन हुने क्रममा रहेको छ । गै.स.सं.को सहकार्यमा स्वच्छ खानेपानी व्यवस्थापन कार्यक्रम केही वडामा सम्पन्न भइसकेका छन् । गाउँपालिकाले आफ्नो WASH योजना तर्जुमा गरिरहेको छ । २०८२ चैत्र मसान्त सम्म बागमती गाउँपालिका बालमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुसार कार्यक्रमहरु तय गरिएका छन् ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१२. संघीय मर्मलाई आत्मसात गरी लोकतन्त्रका लाभलाई जनतासम्म पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस स्थानीय सरकारको दोस्रो कार्यकालको तेस्रो आर्थिक वर्षको यस गाउँपालिकाको विषयगत एवं क्षेत्रगत रुपमा आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १२.१. सामाजिक विकास क्षेत्र

### *क. शिक्षा विज्ञान तथा प्रविधि*

- सम्पूर्ण बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिनेछ । शैक्षिक वर्षको सुरुवातमा जनप्रतिनिधिहरुको अनिवार्य उपस्थितिमा भर्ना अभियान सञ्चालन गरिनेछ ।
- विद्यालयको गुणस्तरीय शिक्षा, भौतिक पूर्वाधार , खानेपानी तथा सरसफाई, स्वास्थ्य, प्रविधिमैत्री पहुँच, सुरक्षा सामाग्रीको व्यवस्थापन, शैक्षिक तालिमका लागि संघीय सरकार, प्रदेश सरकार, सरकारी एवम् गैर सरकारी संस्था लगायत सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरि विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाइने छ । निर्धारित तालिका बमोजिम नै विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यालयहरुको व्यवस्थापकीय क्षमता वृद्धि गर्न शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालय व्यवस्थापन मार्फत समितिका पदाधिकारी तथा अभिभावकहरुमा शैक्षिक जागरण अभियान सञ्चालन गरिँदै लगिनेछ ।
- अभिभावक सचेतना कार्यक्रम मार्फत ***"पठाउँ सन्तान गाउँमा : उत्पादन गरौं आफ्नै ठाउँमा"*** को नीति लिइनेछ ।
- दक्ष जनशक्ति उत्पादनका गर्न गरिब, जेहेन्दार, महिला, दलित, अल्पसंख्यक, द्वन्द पिडित, अपाङ्गता तथा घाइते भएका तथा लक्षित वर्गका बालबालिकाहरुलाई सामुदायिक, निजी र सरकारी निकाय सँगको साझेदारीमा छात्रवृत्ति प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरीय परीक्षा समिति मार्फत वार्षिक परीक्षा सञ्चालन हुने व्यवस्था गरिनेछ ।
- मूल्याङ्कनको ढाँचा सहित तालिकाबद्धरुपमा गाउँपालिकाबाट विद्यालयहरुको अनुगमन गरिनेछ । अनुगमनबाट प्राप्त अङ्कभार साथै वार्षिक परीक्षामा प्राप्त नतिजाको औशत अङ्कभारका आधारमा उत्कृष्ट अभिभावक, उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, उत्कृष्ट शिक्षक तथा उत्कृष्ट विद्यालय छनौट गरी पुरस्कृत गरिनेछ ।
- शिक्षक विद्यार्थी अनुपातलाई मुल्याङ्कन गरी विद्यालय मर्जरको नीति अबलम्बन गरिनेछ । मर्ज पश्चातका विद्यालय भौतिक पूर्वाधारहरुलाई छात्रावाशको रुपमा व्यवस्थापन गर्ने कार्यक्रमको सुरुवात गरी बागमती गाउँपालिकाको शैक्षिक क्षेत्रमा रुपान्तरण गरिनेछ ।
- **"सफाइ, खुवाइ, पढाइ र सिकाई"** भन्ने अवधारणा सहितको नेपाल सरकारको दिवा खाजा कार्यक्रमलाई दिगोपना बनाउन ***"हाम्रो खाद्य टोकरी हामी आफैं भर्छौं"*** भन्ने नाराका साथ गाउँपालिका कृषि प्राविधिक तथा **काली देवी मा.वि.मा कृषि प्राविधिक** अध्ययनरत विद्यार्थीहरु मार्फत

प्रत्येक विद्यालयहरुमा अनिवार्य रुपमा शिक्षक विद्यार्थीहरुको प्रत्यक्ष सहभागीतामा ***नमूना करेसा*** बारी निर्माण गरिनेछ ।

- इ.सी.डी कर्मचारी एवम् विद्यालय कर्मचारीहरुलाई प्रदान गर्रिंदै आएको सुविधालाई यथावत रुपमै निरन्तरता गरिनेछ ।
- **स्थानीय पाठ्यक्रम**लाई पूर्णता दिइ अध्यापनको व्यवस्था गरिनेछ ।
- **एक विद्यालय एक नर्श** कार्यक्रममार्फत उपलब्ध विद्यालय नर्श लगायत सम्बन्धित वडाका स्वास्थ्य प्राविधिकहरुलाई आफ्नो वडाका सम्पूर्ण विद्यालयहरुमा तालिका बनाई अनिवार्य रुपमा आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य लगायत सरुवा रोगको नियन्त्रण रोकथाम गर्न परिचालन गरिनेछ ।
- प्राविधिक धारको विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सरोकारवालाहरुको सहकार्यमा ***"गाउँमै सिक्ने, गाउँमै टिक्ने र गाउँमै विक्ने"*** कार्यक्रमको सुरुवात गरिनेछ ।यसलाई अन्य धारको विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा पनि विस्तार गर्रिंदै लगिनेछ ।
- शिक्षण सिकाई उपलब्धिका लागि शिक्षक विद्यार्थी अध्ययन अध्यापन आदानप्रदान कार्यक्रम सञ्चालन गर्न नीजि आवासिय विद्यालय लगायत अन्य संघ संस्थाहरुसँग पहल गरिनेछ ।
- स्काउट, रेडक्रस जस्ता सामाजिक संघ संस्थालाई माध्यमिक विद्यालयहरुमा आफ्ना कार्यक्रम विस्तार गरी समाजमा अत्यावश्यक स्वयंसेवक विद्यार्थीहरु निर्माण गर्न सहकार्यका लागि पहल गरिनेछ ।
- प्रत्येक वर्षको शिक्षा दिवसको अवसरमा सम्पूर्ण विद्यालयहरुमा "***एक विद्यालय एक फलफुल विरुवा वृक्षारोपण"*** अभियान सुरुवात गरि ***"Clean School, Green School"*** को कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयबाट वितरण हुँदै आएको स्यानीटरी प्याडलाई प्रभावकारी वितरण एवम् व्यवस्थापन साथै डिस्पोज सम्बन्धी स्पष्ट कार्यदिश तयार गरिनेछ ।
- विद्यार्थीहरुबीच शिक्षण सिकाइ साटासाट गर्न तथा नविनतम सोचहरुलाई प्रस्फुटन गर्न शैक्षिक मेला आयोजना गरिनेछ ।
- घुम्ती शिक्षक व्यवस्थापनका लागि गाउँपालिकामा कार्यरत सरोकारवाला संघ संस्थाहरुसँग पहल गरिनेछ ।
- विषयगत शिक्षकको समिति बनाई परिचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा ब्रोडब्याण्ड इन्टरनेटको व्यवस्था भएको हुँदा शैक्षिक पद्धतीलाई प्रविधि मैत्री विकास गर्न प्रोत्साहन तथा सवलीकरण गरिनेछ । यसका साथै प्रचलित नियमानुसार सामाजिक सञ्जाल, इमेल लगायत सूचना प्रविधिको प्रयोग गरी आफ्ना गतिविधिहरुलाई अद्यावधिक गरी विद्यार्थी एवम् अभिभावकमाझ संप्रेशण गर्न अभिप्रेरित गरिनेछ ।
- JICA परियोजना मार्फत हस्तान्तरित माध्यमिक विद्यालयहरुको मर्मत सम्भारका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- विद्यालयहरुमा बुक कर्नर, इ.सी.डी कर्नर, जस्ता कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुमा अध्ययन वातावारणलाई थप प्रभावकारी बनाइने छ ।

- नीजि तथा सामूदायिक संस्थाहरुसँगको सहकार्यमा शिक्षक आदान प्रदान, घुम्ती शिक्षक तथा योग शिक्षकहरुको व्यवस्थापनका लागि पहल गरिनेछ ।
- बालबालिकाहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने तथा छात्रावाशहरु निर्माण गरि आवाशीय शिक्षण सिकाइको नीति अवलम्बन गरिनेछ ।

*ख. जनस्वास्थ्य तथा पोषण*

- गाउँपालिका स्तरीय थाङसिङटार अस्पताल, भट्टेडाँडा अस्पताल, सम्पूर्ण स्वास्थ्यचौकी तथा सामूदायिक स्वास्थ्य इकाईहरुलाई व्यवस्थित तथा आधुनिक बनाउँदै लगिनेछ ।
- एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन गै.स.सं र निजी क्षेत्रको सहयोग र साझेदारीमा गरिनेछ ।
- स्वास्थ्य चौकीसँगको सहकार्यमा थाङ्सिङटार अस्पतालका जनशक्ति मार्फत गाउँबासीहरुमा स्वास्थ्य शिविरहरु तालिकाबद्ध रुपमा सञ्चालन गरिनेछ ।
- ***जिरो होम डेलिभरीका*** लागि ***हरियो झण्डा संकेत*** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- **"बच्चा जोखुस नुन बोक्नुस"** जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्था एवम् बर्थिङ सेन्टरमा बच्चा जन्माएमा सुत्केरीलाई गाउँपालिकाबाट नगदै उपलब्ध गराउने साथै गाउँपालिका भित्रका स्वास्थ्य संस्था एवम् बर्थिङ सेन्टरसम्म पुर्याउन यस गाउँपालिकाको नाममा भएको एम्बुलेन्समा एक तर्फी भाडा नि:शुल्क रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ र अन्य स्वास्थ्य संस्थामा गाउँपालिका भित्रको स्वास्थ्य संस्था वा बर्थिङ सेन्टरबाट रिफर गरिएको हकमा पनि यो सुविधा लागू हुनेछ ।
- बर्थिङ्ग सेन्टरहरुलाई क्रमश: सवलीकरण गर्रिँदै लगिनेछ ।
- स्वास्थ्य संस्थाबाट नेपाल सरकारबाट तोकिएको नि:शूल्क रुपमा उपलब्ध गराउनु पर्ने औषधीहरुका अलावा टी.टी., एन्टी रेबिज भ्याक्सिन लगायत सुत्केरी महिलाका लागि अत्यावश्यक क्यालसियम चक्की जुनसुकै बखत सहज र सरल उपलब्धता हुने सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका भित्रका सबै वडाहरुमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न ***स्वास्थ्य बीमाको कार्यक्रम*** लाई निरन्तर दिइनेछ ।
- गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रुपमा स्थापित गर्दै लगिनेछ ।
- पोषणसँग सम्बन्धी कार्यरत गै.सं.स. सँगको सहकार्यमा पोषण तथा सरसफाई सम्बन्धी सचेतनामूलका अभियानहरु सञ्चालन गरिनेछ ।
- समूदायमा गाउँपालिकाको प्रतिनिधिको रुपमा स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्न स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम लगायत प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न वर्गका गाउँ बासीहरुलाई स्वास्थ्य उपचारमा कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गरिने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा सुन्दर बगैंचा व्यवस्थापनका लागि कार्यक्रम सुरुवात गरिनेछ ।

- गाउँपालिकाको आर्युवेदिक अस्पताललाई सुदृढीकरण गर्दै आर्युवेदिक शिक्षाका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जनस्वास्थ्य विपद् तथा महामारी व्यवस्थापनका लागि आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजनासहित गाउँपालिका स्तरीय अस्पताल तथा सम्पूर्ण स्वास्थ्य चौकीहरुलाई सर्तक अवस्थामा राखिनेछ ।
- सबै स्वास्थ्य चौकी तथा सामुदायीक स्वास्थ्य इकाइहरुको संस्थागत सबलीकणर निरन्तर रुपमा गरिनेछ ।
- विद्यालयहरुमा ***जन्क फुड निषेध अभियान*** सञ्चालन गरिनेछ ।
- लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण, मानसिक चिन्ता तथा मनोरोगको नियन्त्रण, आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलापहरुलाई समुदायस्तरमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्यजन्य फोहोर सङ्कलन प्रशोधन र बिसर्जनलाई प्रभावकारी व्यवस्थापनका लागि पहल गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि सम्बन्धित निकायको सहकार्य र स्वास्थ्यकर्मीहरुको परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

### *ग. खानेपानी तथा सरसफाई*

- ***"स्वच्छ र सफा पिउने पानी : स्वस्थ जीन्दगी"*** लाई सफल पार्न गाउँपालकाभित्रका विभिन्न वडाहरुमा रहेका खानेपानी मुहानहरुलाई गाउँपालिकाको खानेपानी मुहान दर्ता तथा संरक्षण कार्यविधि बमोजिम संरक्षण र संबर्द्धन गरिनेछ । त्यस्ता मुहानहरुको अनुगमन गरी स्वच्छ खानेपानी सुनिश्चितता हुन ल्याब परिक्षण हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा कार्यरत खानेपानीसँग सम्बन्धित गै.सं.सं लगायत अन्य सरोकारवालाहरुको सहकार्यमा गाउँपालिकाको सातवटै वडा भित्र स्वच्छ खानेपानी व्यवस्थापन गर्रिंदै लगिनेछ ।
- सम्पन्न भएका खानेपानी तथा सिंचाई आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारमा सरोकारवालालाई जिम्मेवार बनाउने नीति लिइनेछ ।
- गाउँपालिकाको बढ्दो शहरीकरणलाई मध्यनजर गरी व्यापारिक स्थानहरुमा सार्वजनिक शौचालयहरुको उचित व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना WASH Plan लाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- डडेलोले क्षति पुगेको खानेपानी पाइपहरुलाई क्रमश व्यवस्थापन गरिँदै लगिनेछ ।
- काठमाडौं उपत्यकाबाट उदगम भइ बागमती गाउँपालिकाको १, २, ४, ६ र ७ नं वडा हुँदै बहने बागमती नदीमा बढ्दो फोहोरमैला र यसबाट सृजित विभिन्न समस्या व्यवस्थापन र समाधानका

लागि सरोकारवाला स्थानीय तह, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा पून: ध्यानाकर्षण गरिनेछ र क्षतिपूर्तिका लागि थप पहल कदमी गरिनेछ ।

### *घ. संस्कृति प्रवर्द्धन*

- प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० को कार्यान्वयनका लागि नेपाली भाषाका अतिरिक्त तामाङ्ग तथा नेपाल भाषाको प्रयोगका लागि आवश्यक कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न जात-जातिहरुको भाषा, धर्म, इतिहास, संस्कार र संस्कृतिको सम्मान, संरक्षण, सम्बर्द्धनको प्रबर्द्धन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक पुरातात्विक धार्मिक पर्यटकीय सम्पदाहरुको पहिचान गरी सोको अभिलेख राखिनेछ ।
- गाउँपालिकाभित्रका ऐतिहासिक पुरातात्विक धार्मिक पर्यटकीय सम्पदाहरुको विवरणहरु सार्वजनिक स्थान तथा बजार क्षेत्रमा प्रचार प्रसारको प्रयोजनका लागि सिमाङ्कन र नामाङ्कन गरिनेछ ।
- स्थानीय भाषा साहित्य कला तथा संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्ने साथै सो सँग सम्बन्धित विद्वान तथा स्रष्टाहरुको कदर गर्ने अभिप्रायका साथ ***बागमती वाङ्मय प्रतिष्ठान सञ्चालन***का लागि आवश्यक कानून बनाई लागू गरिनेछ ।
- परापूर्वकाल देखि पूस्तान्तरण हुँदै आएका सीपहरुको संरक्षण र बैज्ञानिक हस्तान्तरणका लागि पहल गरिनेछ ।
- ***"संस्कृति  र प्रकृतिको सम्मान : कला मार्फत पर्यटन प्रवर्द्धन"*** गर्न नेपाल ललितकला प्रज्ञ प्रतिष्ठान लगायतका निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

### *ङ. खेलकुद तथा मनोरञ्जन*

- गाउँपालिकाको सम्पूर्ण खेलकुद गतिविधि बागमती खेलकुद विकास समिति मार्फत सञ्चालन गरिनेछ ।
- गाउँपालिका अध्यक्ष कपलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको वडा नं. ४ स्थित खयरघारी प्युटरमा निर्माण सुरु गरिएको आधुनिक रंगशालालाई पूर्ण दिन सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- गाउँका युवाहरुलाई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा लिँदै खेलकुद गतिविधि, क्षमता विकास एवम् विस्तार गरिनेछ ।
- ***"नव प्रतिभाको पहिचान : युवा शक्ति हाम्रो शान"*** कार्यक्रम मार्फत किशोर किशोरी र युवाहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका खेलाडीहरुलाई गाउँपालिका बाहिरका खेलकुद कार्यक्रममा पनि सहभागि गराइनेछ ।

- खेलकुद क्लबहरु गठन गर्न प्रोत्साहन गरी ति क्लबहरु मार्फत स्थानीय स्तरमा विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।
- खेलकुद सामाग्रीहरुको व्यवस्थापन गरि दर्ता भएका खेलकुद क्लबहरुमा खेलकुद सामाग्रीहरु व्यवस्थित वितरण गरिनेछ ।
- संघ संस्थाहरुसँगको सहकार्यमा खेलाडीहरुलाई खेल प्रशिक्षण तथा क्षमता विकास तालिमहरु सञ्चालन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- सम्पूर्ण वडाहरुमा आधारभूत खेल मैदानहरुको मर्मत संभार तथा स्तरोन्नतीका लागि पहल गरिनेछ ।
- बागमती गाउँपालिका -३ नं वडाको तीनपाने राडार क्षेत्रमा उपत्यकाकै सबै भन्दा उचाइमा रहेको खेलकुद मैदानको रुपमा विकसित गर्न संभाव्यता अध्ययनका लागि पहल गरिनेछ ।
- योग पर्यटनका लागि सम्भाव्य स्थानहरुको पहिचान गरी पूर्वाधार निर्माणका लागि पहल गरिनेछ । सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा गाउँपालिकाको प्रचार प्रशार हुने गरी योग ध्यान शिविर सञ्चालन गर्न पहल गरिनेछ ।
- विद्यालयहरुमा योग ध्यान तथा खेलकुदलाई प्रभावकारी बनाउन खेलकुद विकास समिति मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार हुने गरी निर्माण गरिएका चलचित्र, वृत्तचित्र लगायतका सामाग्रीहरुले गाउँपालिका भित्र विज्ञापन प्रयोजनका लागि प्रयोग गर्ने ब्यानर, होर्डिङ बोर्ड आदिमा विज्ञापन करहरुमा सहुलियत प्रदान गरिनेछ ।

### *च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

- राज्यको हरेक अंग तथा संयन्त्रमा महिला, आदिवासी, जनजाती, दलित, अपाङ्ग तथा घाइते, गरिब, पिछडिएका वर्ग, सीमान्तकृत, अति सीमान्तकृत तथा अल्पसंख्यक आदिलाई राज्यको नीति निर्माण, प्रकृया र कार्य सम्पादनमा अर्थपूर्ण सहभागी गराउने सन्दर्भलाई मध्यनजर गरी यी लक्षित क्षेत्रको पहुँच, प्रतिष्ठा, प्रतिनिधित्व र पहिचानको लागि समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।
- २०८२ चैत्र मसान्त भित्र बागमती गाउँपालिकालाई पूर्ण बाल मैत्री स्थानीय तह घोषणा गर्ने नीतिलाई पूर्णता प्रदान गरिनेछ ।
- एकल पुरुष भत्ता कार्यक्रमलाई निरन्तरता प्रदान गरी थप व्यवस्थित र योगदानमा आधारित बनाइनेछ ।
- ***"एकल पुरुष वा महिला : गाउँपालिका पुग्छ पहिला"*** भन्ने नारालाई व्यवहारमा उतारिनेछ ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि बेइजिङ घोषणापत्र, बालबालिकाको अधिकारसम्बन्धी अभिसन्धि तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अभिसन्धिलाई स्थानीयकरण गरिनेछ ।

- लैङ्गिक विभेदको अन्त्य गरी महिलाहरुलाई हरेक कार्यक्रममा सहभागी गराउँदै आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच पुर्याउन उनीहरुको सहभागितालाई सुनिश्चितता गर्ने नीति अबलम्बन गर्दै महिला सशक्तीकरणका कार्यक्रमहरुलाई जोड दिइनेछ ।
- दलित, अपाङ्ग तथा घाइते, अल्पसंख्यक र पिछडिएका समुदाय लगायत एकल महिलाहरुको सशक्तीकरणका लागि क्षमता विकास हुने कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिकाको महिला सशक्तीकरण कार्यक्रमलाई परिमार्जन गरि चेलिबेटी स्वावलम्बि कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबालिका माथिको दुर्व्यवहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार , छुवाछुत, लागुपदार्थ दुर्व्यसन, दाइजो जस्ता सामाजिक विकृति र शोषण अन्त्य गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला उद्यमीहरुलाई उद्योग दर्तामा प्रदान गरिने ५०% छुटलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अभिलेखीकरण गरी आवश्यक सहायक सामाग्री नि:शुल्क उपलब्ध गराइनेछ ।
- ज्येष्ठ नागरिकलाई घरघरमै पुगी स्वास्थ्य जाँच तथा उपचारका कार्यक्रम सँचालन गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम मार्फत ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन भन्ने भावनाको विकास गरिनेछ र उहाँहरुमा भएको ज्ञान, सीप, क्षमता तथा अनुभव आदान प्रदान गर्ने जेष्ठ नागरिकसँग साक्षत्कार कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, दलित, अपाङ्ग, पिछडिएका वर्ग, सीमान्तकृत वर्ग लगायत अन्य लक्षित वर्गका गुनासा समस्या समाधानका लागि महिला बालबालिका शाखामा ***सहायता कक्ष***को सुरुवात गरिनेछ ।
- स्तनपान सुरक्षित मातृत्वको अधिकार भएको हुँदा गाउँपालिका अन्तर्गतका सम्पूर्ण निकायहरुमा स्तनपान कक्ष व्यवस्थापन गरिनेछ ।
- आ.व. ०८१/०८२ देखि निर्माण हुने सार्वजनिक भवनहरु अपाङ्ग मैत्री हुने गरी निर्माण गरिनेछ ।
- महिला, दलित, अपाङ्ग तथा घाइते, पिछडिएका वर्ग, सिमान्तकृत वर्ग लगायत अन्य लक्षित वर्गको उत्थानका लागि सोसँग सम्बन्धित समूह मार्फत लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

***छ. जनसंख्या व्यवस्थापन***

- जनसंख्या व्यवस्थान गर्न बसाईसराई गरि जाने संख्या न्यूनीकरण र बसाँई सराई गरि आउने संख्यामा बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा बसाई सरी आउने परिवारलाई सम्मान तथा स्वागत कार्यक्रम अवलम्वन गरिनेछ ।
- गाउँपालिका बसाई सरी आउने परिवारले व्यापार व्यवसाय सञ्चालन गरेमा त्यस्ता व्यापार व्यवसाय दर्ता नवीकरणमा सहुलियत प्रदान गरिनेछ ।

## १२.२. आर्थिक विकास क्षेत्र

***क. कृषि तथा पशुपन्छी विकास***

- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि उत्पादनमा वीमा कार्यक्रम सञ्चालनका लागि विमा संस्थाहरुसँग आवश्यक पहल गरिनेछ ।
- अध्यक्षसँग रोजगारी कार्यक्रम अन्तर्गत कृषि तथा पशु उत्पादनमा प्रदान गरिँदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ ।
- ***"कृषि पशुमा अनुदान : परिश्रम गर्नेलाई सम्मान"*** हुनेगरी प्राविधिकको सिफारिसमा विक्रिमा आधारित अनुदान नीति अवलम्बन गरिनेछ ।
- माटो परीक्षण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गरी व्यवसायिक उत्पादन गर्न जोड दिइनेछ ।
- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादशील व्यवसायको रुपमा विकास गर्दै लगिनेछ ।
- कृषि प्रसार तथा पशु सेवा कार्यक्रमहरु, बजार व्यवस्थापन, बाँझो जमिन उपभोग, जनशक्ति व्यवस्थापन जस्ता कार्यक्रमहरु निरन्तर रुपमा गरिनेछ ।
- सामूहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिनेछ ।
- तरकारी बीउ विजन उत्पादन, फलफुल खेती लगायत आधुनिक नगदेबाली तर्फ कृषकहरुलाई प्रोत्साहन गर्न अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- किसान सूचीकरण तथा वर्गीकरण कार्यक्रमलाई निरन्तरता दिई ***"किसान परिचय पत्र वितरण"*** गरिनेछ ।
- कृषि एम्बुलेन्सन व्यवस्थापनका लागि छिमेकी स्थानीय तहसँग सहकार्य गरी ***खेत र बारीलाई बजारसँग जोडिनेछ*** ।
- जनतासँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ र उक्त कार्यक्रमबाट बेरोजगार, बैदेशिक रोजगारबाट फर्किएका युवा, महिला तथा अन्य लक्षित वर्गलाई लक्षित गरी कृषि तथा पशुपालन कार्यक्रम गर्न प्रोत्सान स्वरुप नगद अनुदान उपलब्ध गराइनेछ । जसले स्वरोजगारी र उद्यमशीलतालाजई अभिवृद्धि गर्नेछ ।
- गाउँपालिकाका विद्यालयमा अध्ययनरत कृषि प्राविधिक विद्यार्थीहरुलाई परिचालन गरी नर्सरीको थप व्यवस्थापन गरि नमूना नर्सरीको रुपमा विकास गरिनेछ ।
- कृषि हाटबजार लगायत कृषि मेला मार्फत स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनहरुको प्रचार प्रसार तथा स्थानीय वजारीकरण गरिनेछ ।
- कृषि मेला तथा कृषि हाटबजार सञ्चालन गर्न सहकार्य गर्ने सहकारी, समूह आदिलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- समूह, सहकारीहरुसँगको सहकार्यमा फलफूल खेती तथा मौरीपालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको कृषि प्राविधिकहरुलाई गाउँपालिकाको पूर्ण भूगोल अनुगमन गराई भूगोल अनुसारको उत्पादनका लागि तथ्याङ्क सङ्कलन गरी सोही अनुसार गाउँपालिकाका क्षेत्रहरुलाई ***एक उत्पादन एक पकेट क्षेत्र***को रुपमा विकास गरिनेछ ।

- मरिच, लसुन, प्याज, कफि जस्ता सम्भावना भएका कृषि बालि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्र सम्भाव्यताको आधारमा ***चिस्यान कक्ष***सहितको बहुउपयोगी कृषि तथा फलफूल थोकबजार सञ्चालन गरिनेछ ।
- उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- कफि प्रवर्द्धन कार्यक्रम सुरुवात गरिनेछ ।
- प्रत्येक वडामा पशु सेवा प्राविधिकहरुको व्यवस्थापन गरिनेछ । साथै पशुधनको क्षति न्यूनीकरणका लागि रोग नियन्त्रणका आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।
- उत्कृष्ट कृषि तथा पशु व्यवसायी प्रोत्साहन तथा नविनतम योजना पेश गर्ने कृषकलाई पालिका भित्रका वित्तीय संस्थाहरुमा ***स्टार्ट अप कर्जा* (Start Up Loan)** व्यवस्थापन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि विकास तथा पशु सेवाका उत्कृष्ट किसानहरुलाई पुरस्कृत गरिनेछ ।
- रैथाने बाली कोदो, फापर लगातका बालीहरुको प्रबर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय बिउ बिजन, नश्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधता संरक्षणमा समूह, सहकारी र समूदायलाई प्रोत्साहन गरिनेछ ।
- प्राङ्गारिक तथा जैविकमल उत्पादन र उपयोगलाई प्रोत्हित गरिनेछ ।
- ***"कृषि क्षेत्रको पूर्वधार : स्थानीय अर्थतन्त्रकव आधार"*** भन्ने मान्यतामा केन्द्रीत भई आत्मनिर्भर स्थानीय सरकारको गन्तव्य तय गरिनेछ ।

### *ख. सिंचाइ*

- किसानहरुको उत्पादकत्वमा वृद्ध हुन आवश्यक सिंचाइ आयोजना सञ्चालनका लागि सम्भावित क्षेत्रहरुको पहिचान तथा सर्वेक्षण गरिनेछ र सरोकारवाला निकायहरुको सहकार्यमा सिंचाइ आयोजनाहरु क्रमश व्यवस्थित गर्रिंदै लगिनेछ । सम्पन्न भएका सिंचाइ आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारमा सरोकारवालालाई जिम्मेवार बनाउने नीति लिइनेछ ।
- सिंचाइका लागि स्रोतहरुको संरक्षण गरिनेछ ।

### *ग. उद्योग तथा वाणिज्य*

- गाउँपालिका भित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न वित्तिय क्षेत्रहरुसँगको सहकार्यमा छलफल तथा अन्तरकृयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी (PPP) नीतिको अबलम्बन गरि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्र निजी तथा ठूला लगानीकर्ता भित्र्याई उद्यमी व्यवसायीहरुको मनोबल बढाउन लगानीमैत्री सम्मेलन आयोजना गरिनेछ ।
- गाउँपालिका भित्र खानी, क्रसर र वासिङ आदि उद्योग प्रचलित नियमानुसार व्यवस्थित गरिनेछ ।

- गरिबी न्यूनीकरण तथा निवारणका लागि लघु उद्यम कार्यक्रमहरु स्थानीय संघ संस्थाहरुसँगको साझेदारीमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा चुनढुङ्गा लगायत अन्य खानीहरु भएकाले खानीजन्य उद्योगहरु स्थापना तथा सञ्चालनका लागि सहजीकरण गरिनेछ ।

*घ. पर्यटन*

- सातकन्या / तीनपाने राडार क्षेत्र पर्यटन विकासको लागि गुरु योजना अनुरुपका निर्माण कार्यहरु सम्पन्न गराई ***यसै आ.व. देखि सञ्चालन गरिनेछ*** ।
- गाउँपालिका भित्रका सम्भावित पर्यटकीय क्षेत्रहरु गिम्दी चमेरे गुफा, माझखण्ड बुद्ध विहार, रुद्रेश्वर महादेव लगायत अन्य क्षेत्रहरुको पहिचान एवम् अभिलेखीकरण सहित उक्त क्षेत्रहरुको प्रवर्द्धन गरिनेछ ।
- मगर गाउँ होमस्टे तथा माझखण्ड होमस्टेलाई पूर्ण व्यवस्थति सञ्चालनका लागि पहल गरिनेछ । साथै अन्य ठाउँमा पनि ***होमस्टे सञ्चालनका लागि सम्भाव्य अध्ययन*** गरिनेछ ।
- खानी खोलामा ड्याम बनाई सुइमिङ पूल निर्माण गरी ***पर्यटकहरुलाई आकर्षण*** गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र साहासिक खेल लगायत हाइकिङ, साइक्लिङ ट्रेल आदिको सम्भाव्यता सहित कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- मोटरसाइकल तथा साइकल रुटको संभावत्यता अध्ययन गरी छिमेकी स्थानीय तहको समन्वयमा रुट पहिचान गरी पर्यटन प्रवर्द्धनको नयाँ संभावनाको खोजी गरिनेछ ।
- आश्राङ गिम्दी लगायतका क्षेत्रहरुलाई कफि हब बनाइ कृषि पर्यटनको विकासका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- इकुडोल माझखण्ड बुद्ध विहारलाई योग ध्यान सहितको धार्मिक तथा अन्य पर्यटकको आकर्षक गन्तव्य स्थल बनाउन सरोकारवाला निकायहरुसँग पहल गरिनेछ ।
- शान्त वातावरणमा अध्ययन गर्न चाहने खोज अनुसन्धानकर्ताहरुलाई बागमती गाउँपालिका आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न प्रचार प्रशार गरिनेछ ।
- गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा पर्यटकीय गन्तव्य र सुविधा सहितको सूचनामूलक ब्यानर र होर्डिङ बोर्डहरु स्थापना गरिनेछ ।
- पर्यटकीय आकार्षणका लागि साथै गाउँपालिका भित्रका विभिन्न टोल बस्तीको दुरी छोट्याउने हिसाबले खोला नाला बाहेकका क्षेत्रमा पनि साना झोलुङ्गे पुलहरुको निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- पार्यटक आकर्षणका लागि पार्क लगायत बाल उद्यनहरुको निर्माण सुरुवात गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समिति निजीक्षेत्रको समन्वय र सहकार्यमा राडार क्षेत्रमा साझेदारीमा पर्यटन प्रवर्द्धन गरी आयआर्जनको नीति अवलम्बन गरिनेछ ।

*ङ. सहकारी तथा गरिबी निवारण*

- गाउँपालिका क्षेत्राधिकारमा पर्ने सहकारी संस्थामा रहेको गाउँबासीको बचत तथा लगानी सुरक्षाको प्रत्याभूति दिलाउन आवश्यक नीतिगत, कानूनी तथा संरचनागत प्रबन्धलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सहकारीहरुलाई अद्यावधिक एवम् अनुगमन गरि नेपाल सरकारको अनिवार्य कोपोमिस (COPOMIS) प्रणालिमा आवद्धता गराइनेछ ।
- करोबार रहित समान उद्देश्यका सहकारीहरुलाई एकीकरण गर्ने वा एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।
- सहकारीको उदेश्य अनुरुप अनिवार्य कार्य गर्न लगाउने नीति लिइने छ तथा उत्पादनमूलक सहकारी संघसंस्थालाई उत्पादन प्रशोधन तथा बजारीकरण कार्यमा सहयोग पुर्याउन पहल गरिनेछ ।
- सहकारी अनुगमनका क्रममा सञ्चालनमा नरहेका सहकारी ऐन बमोजिम खारेजी प्रकृया अगाडि बढाइनेछ ।
- यस गाउँपालिकामा नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त क वर्गको कुमारी बैंकको सेवालाई गाउँबासीमा सरल र सहज पहुँचका लागि आवश्यक पहल गरिनेछ ।
- बैंकिङ सेवाको मूल्याङ्कन र पूनरावलोकन गरी गाउँपालिकाभित्र अन्य बैंक तथा वित्तिय संस्थाहरु स्थापना र सञ्चालनको लागि पहल गरिनेछ ।

## १२.३. पूर्वधार विकास क्षेत्र

*क. सडक तथा यातायात व्यवस्था*

- गाउँपालिका सडक गुरु योजना (RMTMP) निर्माणलाई पूर्णता दिइ सोही मापदण्ड बमोजिम सडकहरुको वर्गीकरण गरि सडकहरुको निर्माण र स्तरोन्नती गरिनेछ ।
- पूर्वधार निर्माण कार्यलाई अपाङ्गमैत्री तथा बालमैत्री बनाइने नीति लिइनेछ ।
- गाउँपालिकाभित्र सुरक्षित मर्यादित यात्राका लागि सुरक्षा निकाय लगायत सरोकारवालाहरुसँगको सहकार्यमा सडक सुशासन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्षायाममा हुने भेल बाडिले क्षति पुर्याउने सडकहरुको मर्मत तथा सोरसारकालागि बैज्ञानिक मापदण्ड बनाइ समाधान गरिनेछ ।
- यात्रुहरुलाई अत्यावश्यक स्थानहरुमा ***सडक सूचना सम्बन्धी जानकारी मूलक संकेत***को व्यवस्थापन गरिनेछ ।

*ख. भवन तथा शहरी विकास*

- गाउँपालिकामा बढ्दो शहरीकरण सँगै गाउँपालिका भित्रका सडक किनारामा अव्यवस्थित रुपमा हुने गरेका घर टहर निर्माणलाई मापदण्ड बनाई व्यवस्थित गरिँदै लगिनेछ ।

- भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता, २०७१ र गाउँपालिकाको सहरी योजना तथा भवन निर्माण मापदण्डको आधारमा भवन निर्माण कार्य गरिनेछ ।
- JICA को सहयोगमा सहरी विकास तथा भवन निर्माण विभागद्वारा सञ्चालन हुने भवन निर्माण मापदण्ड तथा भवन निर्माण संहितालाई पूर्ण रुपमा अनुशरण गरी पाइलोटिङको रुपमा कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय भू-उपयोग नीति तथा भवन निर्माण आचार संहिता अनुसार आवास निर्माण गरी व्यवस्थित गाउँ निर्माण गरिनेछ । स्वच्छ वातावारणलाई ध्यानमा राख्दै भवन निर्माणको नक्सा पास गर्दा एक घर कम्तिमा दुई फलफुलको बोट वृक्षारोपणलाई अनिवार्य गर्ने अभियानका रुपमा भवन मापदण्ड निर्माण गरी लागू गरिनेछ ।
- भूमि समस्या समाधन आयोगसँगको समन्वयमा सुकुम्बासी तथा अव्यवस्थित बसोबास अन्तर्गत पर्ने गाउँबासीहरुको समस्या सम्बोधन गरिनेछ ।
- व्यवस्थित बजारीकरणका लागि बजारी विकास तथा आवास विकास तथा सम्बन्धी मापदण्डलाई आवश्यकता अनुसार सुधार एवम् परिमार्जन गरी प्रयोग गरिनेछ ।
- भौतिक तथा सामाजिक पूर्वाधार निर्माण गर्न भू-सूचना प्रणालीको अवधारणालाई सुरुवात गरिनेछ ।
- मालपोत तथा नापी कार्यालयसँगको समन्वयमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थित अभिलेख तयार गरी उक्त जग्गाहरुको संरक्षण र बैज्ञानिक उपयोगको सुनिश्चितताका लागि पहल गरिनेछ ।
- जग्गा वर्गीकरण तथा नक्साङ्कनको कार्यलाई अगाडि बढाइनेछ ।
- सबै जग्गा हालसाबिकको कार्यक्रम सञ्चालन गरिनेछ ।
- नमूना एकीकृत वस्ती विकासको अध्ययन गरि सम्बन्धित निकायमा एकीकृत वस्ति विकासका लागि सिफारिस एवम् पहल गरिनेछ ।

### *ग. उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)*

- गाउँपालिकाको बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थापन एवम् विस्तार गर्दै लगिनेछ ।
- विभिन्न सरोकारवाला निकायहरुको सहकार्यमा नवीकरणीय तथा वैकल्पिक उर्जा प्रयोग सम्बन्धी छलफल तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र अझै पनि विद्युत नपुगेका स्थानहरुमा विद्युत पुर्याउन सरोकारवाला निकायहरुसँग लागत साझेदारीमा विद्युत प्रसारण लाइन विस्तार गरी गाउँबासीका घरमा उज्यालो पुर्याइनेछ ।
- गाउँपालिका भित्र सिधै राष्ट्रिय विद्युत प्रणालीको केन्द्रीय प्रसारण मार्फत विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ ।
- विद्युत सहकारीसँगको साझेदारीलाई थप व्यवस्थित, पूर्वानुमानयोग्य वैज्ञानिक र कार्यसम्पनमा आधारित बनइनेछ।

*घ. सञ्चार*

- गाउँपालिका अन्तर्गतका निकायहरुमा आवश्यकताका आधारमा ब्रोडब्याण्ड इन्टरनेट उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- नेपाल दुरसञ्चार संस्थान लगायत अन्य सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा गाउँपालिका क्षेत्र भित्र मोबाइल नेटवर्क नटिप्ने ठाउँको पहिचान गराई गाउँपालिका क्षेत्र भित्र सम्पूर्ण स्थानहरुमा गुणस्तरीय मोबाइल नेटवर्क उपलब्ध हुने तथा मोबाइल डाटा सञ्चालन हुने सुनिश्चितताका लागि पहल गरिनेछ ।
- इन्टरनेट सेवा प्रदायक संस्थाहरुसँग गाउँपालिका क्षेत्र भित्र ब्रोडब्याण्ड इन्टरनेट सञ्जाल विस्तारका लागि पहल गरिनेछ ।
- सरोकारवालाहरुसँगको सहकार्यमा ***"स्थानीय सञ्चार नीति"*** तय गरिनेछ साथै यसका लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।
- स्थानीय श्रमजिवी पत्रकारहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## १२.४. वन वातावरण तथा विपद् व्यवस्थापन

*क. वन तथा भू-संरक्षण*

- डिभिजन वन कार्यालयसँगको समन्वय एवम् सहकार्यमा वन क्षेत्रको व्यवस्थापनलाई वैज्ञानिक बनाउनको लागि सरकारी, नीजि, धार्मिक, कबुलियत तथा सामूदायिक वनलाई व्यवस्थित गर्दै लगिनेछ ।
- डिभिजन वन कार्यालयसँगको समन्वयमा हालसम्म गाउँपालिका भित्र दर्ता भएका सामूदायिक वन उपभोक्ता समितिहरुको अभिलेखीकरण गरिनेछ ।
- गाउँपालिकाभित्रका वनलाई संरक्षण गरी खाली ठाउँहरुमा वृक्षारोपण कार्य गरिनेछ ।
- गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समितिहरुलाई गाउँपालिका भित्र सूचिकृत गरी परिचालन गरिनेछ ।
- डिभिजन वन कार्यालय तथा सरोकारवालाको वन उपभोक्ता समितिसँगको सहकार्यमा **डढेलो नियन्त्रणका लागि कार्यक्रमहरु *सञ्चालन*** गरिनेछ ।
- बाँदर, बँदेल दुम्सी लगायत वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण गर्न प्रदेश सरकारको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वन उपभोक्ता समितिहरुलाई जडीबुटी खेती प्रवर्दधन गरी उद्यम विकास र रोजगारी सिर्जनाको लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- सामुदायिक वनमा पर्यापर्यटन र लघु उद्यमका क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बागमती नदीमा वस्ती संरक्षणका लागि नदी तटबन्दध आयोजना सञ्चालन गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति कम गर्न रुख विरुवा रोपन गरी वायो इन्जिनियरिङ्गको विकास गरिँदै लगिनेछ ।
- डिभिजन वन कार्यालय र वन उपभोक्ता समितिको सहकार्यमा सामूदायिक वन क्षेत्र भित्र अग्नि रेखा निर्माण गर्न पहल गरिनेछ ।

### *ख. जलाधार संरक्षण*

- गाउँपालिका क्षेत्रभित्र भएका नदी, झरना तथा स-साना पानीका मूहानहरुको संरक्षण गरिनेछ ।
- सामूदायिक वन उपभोक्ता समितिको सहकार्यमा ***"एक वन उपभोक्ता समिति एक पोखरी निर्माण"*** कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

### *ग. वातावरण तथा जलवायू परिवर्तन*

- सम्बन्धित सरोकारवालाहरु विच जलवायु परिवर्त न्यूनीकरण तथा अनुकूलन सम्बन्धि सचेतना छलफल तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट जारी गरिएको वातावरण संरक्षण ऐन लाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

### *घ. फोहरमैला तथा ढल व्यवस्थापन*

- गाउँपालिका भित्रको बढ्दो शहरीकरणले बजार क्षेत्रमा उत्सर्जन हुने फोहोरलाई वर्गीकरण गरी गल्ने फोहोरबाट कम्पोष्ट मल तयार गर्ने र नगल्ने फोहोरलाई पुन प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।
- प्लाष्टिकजन्य वस्तुको विकल्प प्रयोग सम्बन्धी गाउँवासीहरुमा सचेतना अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक स्थानहरुमा सरोकारवाला एवम् स्वयंमसेवकहरुको उपस्थितिमा सरसफाई अभियानहरु सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थान एवम् बजार क्षेत्रहरुमा डस्टविनको व्यस्थापन गरी स्थानीयहरुलाई उक्त डस्टविनको सुरक्षाको जिम्मेवारी प्रदान गरिनेछ ।

### *ङ. विपद् व्यवस्थापन*

- प्राकृतिक विपद् बाट हुने प्रत्यक्ष आर्थिक, सामाजिक क्षति कम गर्न र जोखिम न्यूनीकरण कार्यलाई क्षेत्रगत मूलप्रवाहीकरण गरिनेछ । विपद् प्रतिकार्यमा परिचालन हुने संयन्त्र तथा उपकरणको व्यवस्थापन गरि प्रतिकार्य प्रणालीको व्यवस्थापन गरिनेछ ।
- खोला क्षेत्रमा हुने जलउत्पन्न प्रकोप तथा पहाडि भूभागमा पहिरो र भू-क्षयबाट हुने प्रकोप क्षेत्रको अभिलेखीकरण गराई त्यस्ता प्रकोप नियन्त्रका लागि आवश्यकताका आधारमा प्रदेश तथा संघीय सरकार सँग समन्वय गरिनेछ ।

- विपद् व्यवस्थापनका लागि प्रत्येक वडाहरुमा गाउँपालिकाको विपद् सम्बन्धी कार्यविधि बमोजिम स्वयंसेवकहरु सृजना गरि तालिमहरुको व्यवस्थापन गरिनेछ ।
- आगलागी नियन्त्रण सम्बन्धी सरोकारवाला निकायहरुसँगको सहकार्यमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै अग्नी नियन्त्रणका लागि सार्वजनिक निकायमा अद्यावधिक भएको ***फायर एक्सटिङगुइसर जडान*** अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- विपद् व्यवस्थापनमा सक्रिय निकायहरुको सम्पर्क नम्बरहरु सार्वजनिक स्थानहरुमा देखिने गरी राख्ने व्यवस्थापन गरिनेछ ।
- अग्नी नियन्त्रणका लागि दमकल सञ्चालनका लागि बारुण नियन्त्रण कार्यालय लगायत महानगरपालिकाहरुसँग आवश्यक सम्झौता सहित सहकार्य गरिनेछ ।
- गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गरी सोही अनुसार कार्यान्वयमा जोड दिइनेछ ।
- विपद् व्यवस्थापन स्थानीय तह प्रदेश र संघको साझा क्षेत्र भएको हुँदा सरोकारवाला निकायहरुसँगको नियमित समन्वय र सहकार्यकमा खोज उद्धार एवम् राहात कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा शिक्षकहरुले विद्यार्थीहरुलाई विपद् र विपद् रोकथाम नियन्त्रण सम्बन्धी सचेतनामूलक कक्षा लिनको लागि शिक्षकहरुला सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन समितिको संस्थागत क्षमतालाई थप सुदृढ बनाइनेछ।
- गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थित सञ्चालन गरिनेछ ।
- विपद् मा परेका गाउँबासिहरुलाई आकास्मिक राहत वितरणका लागि मानविय सहायता कोषको पनि व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका केन्द्रमा विपद् पूनर्स्थापनका लागि अत्यावश्यक सामाग्रीहरुको व्यवस्थापन तथा भण्डारण हुने व्यवस्था गरिनेछ ।

## १२.५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### *क. संगठन क्षमता विकास जनशक्ति व्यवस्थापन र सेवा प्रवाह*

- गाउँपालिका तथा मातहताका निकायबाट प्रदान गरिने सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउँदै नागरिकहरुलाई केन्द्रविन्दुमा राखी नागरिक सन्तुष्ट हुने गरी सेवा प्रवाह गरिनेछ । सोधपुछ कक्ष (Help Desk) मार्फत सेवा पहुँचलाई सरलीकरण गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनलाई अन्तिम रुप दिइ दरबन्दी तेरिज बमोजिमका कर्मचारीहरु चुस्त दुरुस्त व्यवस्थापन गरिनेछ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन र कार्य क्षमता मूल्याङ्कनका आधारमा पुरस्कृत गरिनेछ ।
- स्थायी तथा करार कर्मचारीहरुको उच्च मनोबल बनाइ सेवामा समर्पित रहनको लागि कार्यसम्पादनका आधारमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- ***समान कामका लगि समान पारिश्रमिक***को मान्यतालाई आत्मसात गरिनेछ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि गाउँपालिकाले तय गरेको क्षमता विकास योजना बमोजिमका कार्यक्रमहरु कार्यान्वन गरिनेछन् साथै अध्ययन अवलोकन भ्रमणहरुको व्यवस्थापन गरिनेछ ।
- दिगो विकास लक्ष्यलायई स्थानीयकरण गरिनेछ । दिगो विकास लक्ष्यसँग हाँसिल गर्ने गरी विषयगत, क्षेत्रगत र कार्यक्रमगत अन्तरआवद्धतामा ध्यान दिइनेछ ।
- पालिकास्तरीय आयोजना बैंकको अवधारणालाई सूरुवात गरिनेछ ।
- गाउँपालिका प्रशासनिक अभिलेख प्रणालीलाई व्यवस्थित र डिजिटलाईज्ड गर्रिंदै लगिनेछ ।
- गाउँपालिकालाई प्रविधिमैत्री उन्मुख गाउँपालिकाको रुपमा रुपान्तरण गरि डिजिटल गाउँपालिका बनाउने लक्ष लिइनेछ ।
- विद्युतीय शासन प्रणाली माध्यमबाट सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको सूचना सम्प्रेषणका लागि आफ्नो वेभसाइट, इमेल, सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर ) व्यवस्थित रुपमा प्रयोग गरिनेछ साथै सरोकारवाला सबैमा सोको प्रयोग गर्न जनस्तरमा सचेतनामूलक कार्यक्रमहरु गरिनेछ ।
- गाउँपालिकाको सूचना संप्रेषण प्रभावकारी गर्न स्थानीय पत्रकारहरुसँग सहकार्य गर्ने नीति लिइनेछ साथै स्थानीय पत्रकारहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारका राजस्वका लागि RMIS (Revenue Management Information System), जिन्सी व्यवस्थापनका लागि PAMS (Public Asset Management System) अनलाइन सफ्टवयर सञ्चालन गरिनेछ ।
- पञ्चीकरणका लागि सञ्चालनमा रहेका घटना दर्ता तथा सामाजिक सूरक्षा प्रणाली (VERS-MIS) लाई थप प्रभावकारी एवम् नियमन गरि सञ्चालन गरिनेछ ।
- कागज रहित गाउँपालिकाको अवधारणलाई प्रोत्साहन गर्न नेपाल सरकारको एकीकृत अफिस अटोमेसन सिस्टम सञ्चालनका लागि पहन गरिनेछ ।
- बैंङ्किग प्रणालिबाट सामाजिक सूरक्षा भत्ता प्रदान गर्रिंदै आएकोमा बैंकसँगको सहकार्यमा वडा तहमा नै सामाजिक सूरक्षा भत्ता प्राप्त हुने व्यवस्थाको लागि सहजीकरण गरिनेछ ।

## *ख. नीति, कानून, न्याय तथा सुशासन*

- संघीय सरकार, प्रदेश सरकार तथा अन्तर पालिकासँग समन्वय, सहकार्य र सहअस्तित्वको नीति अवलम्बन गरिनेछ ।
- छिमेकी गाउँपालिकाहरु बिच साझा क्षेत्रहरुको पहिचान र सहकार्यका लागि गाउँपालिका अध्यक्ष फोरमको बैठकहरुलाई नियमितता हुन पहल गरिनेछ ।
- गाउँपालिकाका लागि आवश्यक नीति , ऐन, कानूनहरुको तर्जुमा एवम् संसोधन गरिनेछ ।
- गाउँपालिकाको राजपत्रमा प्रकाशित ऐन नियमहरुलाई एकीकृत गरि सम्पूर्णको सहज पहुँचका लागि सङ्गालो प्रकाशन गरिनेछ ।

- न्यायिक समिति मार्फत वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ताहरुलाई आवश्यक तालिमको प्रबन्ध गराइनेछ ।
- मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा पिडित पक्षको सहज र सरल पहुँचका लागि गाउँपालिका भित्र सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै गोपनियताको सुनिश्चितता गरिनेछ ।
- जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, विधिको शासन जस्ता सुशासन पद्धतिको माध्यमबाट सुशासनको प्रवर्द्धन गर्रिंदै लगिनेछ ।
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुलाई नियमित रुपमा आयोजना गरिनेछ ।
- गाउँ कार्यपालिका तथा अन्तर्गतका निकायहरुमा व्यवस्थित एवम् पहुँच योग्य नागरिक बडापत्र, उजुरी तथा गुनासो पेटिकाहरुको अनिवार्य व्यवस्थापन गरिनेछ ।
- गाउँ कार्यपालिका तथा अन्तर्गतका निकायहरु लगायत गाउँपालिका क्षेत्र भित्रका संघ संस्थाहरुमा सूचना अधिकारीको व्यवस्था गरि प्रचलित नियमानुसार सूचना अधिकारीको फ्लेक्स नागरिक पहुँच योग्य स्थानमा राख्ने व्यवस्था अनिवार्य गरिनेछ र सो को अनुगमन गरिनेछ ।
- प्रचलित नियमानुसार सार्वजनिक गर्नुपर्ने सम्पूर्ण विवरणहरु नागरिकले सहजरुपमा प्राप्त गर्न सक्ने गरी समयमा नै सार्वजनिकीकरण गरिनेछ ।
- GESI, GRB जस्ता परीक्षणहरु नियमित रुपमा गरिनेछन् ।
- संघीय सरकारबाट स्थानीय तहकरुको मूल्याङ्कनका लागि तयार गरिएका LISA, FRA लगायत अन्य कार्यसम्पादन मूल्याङ्क सूचकहरु नियमित अद्यावधिक गरि प्राप्त नतिजा नागरिकहरुको पहुँचयोग्य हुने गरी सार्वजनिकरण गरिनेछ ।
- बेरुजु शून्यान्तरणको नीति अबलम्बन गरिनेछ ।यसका लागि मासिक रुपमा आन्तरिक लेखा परिक्षण हुने तथा भुक्तानी पूर्व आ.ले.प. शाखाबाट कागजपत्र परिक्षण हुने व्यवस्थाको सुरुवात गरिनेछ ।
- बेरुजु फछ्र्यौट गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।

### *ग. तथ्याङ्क*

- सरोकारवाला निकायहरुसँगको सहकार्यमा गाउँपालिकालाई आवश्यक तथ्याङ्कहरुको सङ्कलन तथा अभिलेखिकरण गरिनेछ ।

### *घ. राजश्व तथा स्रोत परिचालन*

- राजस्व प्रशासनलाई सबल सुद्धिढीकरण बनाउन नागरिकहरुमा करदाता शिक्षा कार्यक्रम तथा जनप्रतिनिधि एवम् सरोकारवलाहरुलाई कर सम्बन्धी कानूनहरुका बारेमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- राजश्व सुधार कार्ययोजना तयार गरि नविन्तम राजस्व श्रोतहरुको पहिचान गरी उक्त स्रोतहरुको परिचालन गरिनेछ ।
- मध्यमकालीन खर्च संरचना (MTEF) लाई अध्यावधिक गरिनेछ ।
- आन्तरिक खर्च नियन्त्रण कार्ययोजना तयार गरिनेछ ।
- खरिद गुरुयोजना तयार गरिनेछ ।
- आवश्यक स्थान तथा नाकाहरुमा CCTV जडान गरी सुरक्षा र राजश्व संकलनलाई थप व्यवस्थित र वैज्ञानिक बनाइनेछ ।
- वातावरण प्रतिकूल नहुने गरी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मार्फत आन्तरिक आय गर्न गाउँपालिकाले संवेदनशील भई कार्य गर्नेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१३. बागमती गाउँपालिकाको प्रस्तुत नीति तथा कार्यक्रमले दिगो विकासका लक्ष्य सोह्रौं योजना तथा बागमती गाउपालिकाको आवधिक योजनाका लक्ष हासिल गर्न सम्पूर्ण सरोकारवालाहरुले सकारात्मक सोँच सहित योगदान गर्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यक्रमको कार्यान्वयनबाट उत्पादन तथा उत्पादकत्व वृद्धि रोजगारी सिर्जना भइ सुखि र समृद्ध बागमती गाउँपालिकाको परिकल्पना साकार हुने अपेक्षा गरेको छु । साथै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै सरोकारवाला पक्षबाट सहयोग हुने पूर्ण विश्वास व्यक्त गर्दछु ।

१४. अन्त्यमा, बागमती गाउँपालिकाको सर्वाङ्गीण विकासमा योगदान पुर्याउनु हुने गाउँपालिकाका जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मीहरु, नीजि क्षेत्र तथा नागरिक समाज, सरकारी तथा गैर सकारी संस्था, विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीवहरु एव गाउँबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।